# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०४।२४ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी झपेन पाण्डे रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी झपेन पाण्डे रहेको गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | झपेन पाण्डे (विशेष अदालतको मुद्दा नं. ०७९-CR-०००१ र फैसला मिति २०८०/०७/१४) | गैरकानूनी लाभ वा हानी पुऱ्याई भ्रष्टाचार गरेको। | पाल्पा जिल्ला खेलकूद विकास समितिका तत्कालीन कार्यालय प्रमुख तारा बहादुर थापा र ऐ. समितिका तत्कालीन अध्यक्ष करूणा काफ्लेले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भएको प्रावधान विपरीत Detailed Project Report (DPR) जस्तो गहन तथा सुक्ष्म अध्ययन हुनुपर्ने विषयलाई अनुभव तथा क्षमता नभएको कम्पनिलाई ७ (सात) दिनभित्र तयार गर्न फिनेश इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लिसँग अति संक्षिप्त रूपको परामर्श सेवा खरिद सम्झौता गरेको। उक्त कम्पनिले पाल्पा जिल्ला खेलकूद बिकास समितिमा Inception Report पेश गरेकोमा सो Inception Report लाई Detailed Project Report (DPR) बनाउने सम्मको कार्यको लागि धैरै काम गर्न बाँकी रहेको र Detailed Project Report नै पेश नगरेको अवस्थामा प्रतिवादीहरूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानी पुऱ्याउने उद्देश्यले Detailed Project Report (DPR) पेश गरेपछी मात्र भुक्तानी दिनुपर्ने रु.९,९०,०००।- (नौ लाख नब्बे हजार रूपैया) उक्त Detailed Project Report (DPR) नै पेश नगरी Inception Report लाई नै Detailed Project Report भनी फिनेश इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लिका प्रोप्राईटर सन्देश पाण्डेले पेश गरेको झुट्टा विल भरपाईको आधारमा वद्नियतपूर्वक फिनेश इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लिका प्रोप्राईटरहरू सन्देश पाण्डे र झपेन पाण्डेलाई लाभ र नेपाल सरकारलाई हानी पुऱ्याउने उद्देश्यले प्रतिवादीहरु करूणा काफ्ले र तारा बहादुर थापाले भुक्तानी दिएको पाइएकोले निज प्रतिवादीहरू करूणा काफ्ले र तारा बहादुर थापाको उक्त कसूर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर भएको देखिएकोले प्रतिवादीहरू तत्कालीन पाल्पा जिल्ला खेलकूद विकास समितिका अध्यक्ष करूणा काफ्ले र तत्कालीन पाल्पा जिल्ला खेलकूद विकास समितिका कार्यालय प्रमुख तारा बहादुर थापालाई विगो रू ९,९०,०००।- (नौ लाख नब्बे हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ | विशेष अदालतको फैसलाः-<br>प्रतिवादीहरु करुणा काफ्ले र ताराबहादुर थापाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) (ङ) को कसुर र अर्का प्रतिवादी सन्देश पाण्डेले सोही ऐनको दफा ८(४)को कसुर गरेको ठहर भई प्रतिवादीहरुले नभए नगरेको कामको झुट्टा विल पेश गरी भुक्तानी लिए दिएको रु. ९,९०,०००।– (नौ लाख नब्बेहजार रुपयाँ) विगो कायम भई प्रतिवादीहरु करुणा काफ्ले र ताराबहादुर थापालाई सोही ऐनको दफा ८(१) बमोजिम जनही ४ महिना कैद र विगोको दामासाहीले हुने रु ३,३०,०००।– जनही जरिवाना हुने र अर्का प्रतिवादी सन्देश पाण्डेलाई सोही ऐनको दफा ८(४) बमोजिम विगोको दामासाहीले हुन आउने विगो रु ३,३०,०००।– बमोजिम जरिवाना भै निजले भुक्तानी लिएको विगो रु ९,९०,०००- (नौ लाख नब्बेहजार रुपयाँ) निजबाट असुल उपर हुने र अर्का प्रतिवादी झपेन पाण्डेले सफाई पाउने ठहर भइ मिति २०८०।०७।१४ मा मा फैसला भएको।<br>विशेष अदालतले प्रतिवादी झपेन पाण्डेलाई सफाइ दिंदा लिएका आधारहरुः-<br>क. प्रतिवादी झपेन पाण्डेले संझौता नगरेको, पेश भएको प्रतिवेदनमा सहीछाप नगरेको।<br>ख. दावीको कसुरमा इन्कार रही बयान गरेको तथा निजको कसूरमा संलग्नता पुष्टिहुने बस्तुनिष्ठ प्रमाणको अभाव रहेको। | क. प्रतिवादी सन्देश पाण्डे र झपेन पाण्डे दुवै जना फिनेस इन्जिनियर्स एण्ड विल्डर्स प्रा. लि. को प्रोपराइटर रहेको र दुवै जनाको उक्त प्रा. लि. मा संस्थापक सदस्यको रुपमा बराबर शेयर संख्या रहेको उक्त प्रा. लि. को प्रवन्धपत्रबाट देखिएको। जिल्ला खेलकूद विकास समिति पाल्पा र फिनेस इन्जिनियर्स एण्ड विल्डर्स प्रा. लि. बीच रु ९,९०,०००- मा रामपुर कवर्डहल निर्माणको DPR बनाउने योजनामा फिनेस इन्जिनियर्स एण्ड विल्डर्स प्रा. लि. को तर्फबाट प्रतिवादी सन्देश पाण्डेले हस्ताक्षर गरेको मिसिल संलग्न सम्झौता पत्रको प्रतिलिपीबाट देखिएको।जिल्ला खेलकुद विकास समिति पाल्पा तानसेनद्वारा रामपुर नगरपालिकामा निर्माण हुन लागेको बहुउदेश्यीय कवर्डहलको DPR निर्माण गर्ने जिम्मा फिनेस इन्जिनियर्स एण्ड विल्डर्स प्रा. लि. ले लिएको र सो प्रा. लि. को तर्फबाट ठेक्का सम्झौतामा प्रतिवादी सन्देश पाण्डेले मात्र हस्ताक्षर गरेको भनी अर्का प्रतिवादी सो प्रा.लि.का संस्थापक तथा संचालक झपेन पाण्डेले सम्झौता नगरेको तथा पेश भएको प्रतिवेदनमा सहीछाप नगरेको भनी सफाइ दिनेगरी विशेष अदालत काठमाण्डौबाट भएको फैसला त्रुटिपूर्ण देखिएको। कसुर ठहर भएका प्रतिवादी सन्देश पाण्डे र सफाइ पाएका प्रतिवादी झपेन पाण्डेको उक्त प्रा.लि. मा समान हैसियत रहेको, DPR तयार गरेको भनी जिल्ला खेलकूद विकास समिति पाल्पाबाट भुक्तानी पाएको रकम सन्देस पाण्डेले व्यक्तिगत रुपमा बुझेको नभइ प्रा. लि. को खातामा गएको र सो रकमको समान हिस्सेदार प्रतिवादी झपेन पाण्डे समेत रहेको अवस्थामा निजलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण रहेकोले पुनरावेदन गर्नु पर्ने अवस्था रहेको।<br>ख. प्रतिवादी झपेन पाण्डेले दावीको कसूरमा इन्कार भइ बयान गरेको तथा निजको कसुरमा संलग्नता पुष्टि हुने वस्तुनिष्ठ प्रमाणको अभाव रहेको भनी प्रतिवादीलाई सफाइ दिने ठहर गरी फैसला भएको। प्रतिवादीले अदालतमा बयान गर्दा स.ज. २३ मा आफूलाई ऐन, नियम प्रक्रियाको जानकारी नभएको, जिल्ला खेलकूद विकास समिति पाल्पाले माग गरे बमोजिमका सबै कागजातहरु तथा कानूनी प्रक्रियाहरु पूरा गरी कवर्डहल निर्माणको DPR तयार गर्ने सम्झौता भएको, आफूलाई प्राविधिक ज्ञान नभएकोले सबै काम प्रतिवादी सन्देश पाण्डेले नै गरेका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को उपदफा (१) बमोजिम कैद तथा विगो बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम नै उक्त विगो रू ९,९०,०००।- (नौ लाख नब्बे हजार) असूल उपर हुन मागदावी लिईएको साथै परामर्शदाता कम्पनी फिनेश इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लिका प्रोप्राईटरहरू सन्देश पाण्डे र झपेन पाण्डेले पाल्पा जिल्ला खेलकूद बिकास समितिमा Inception Report मात्र पेश गरी आफूले सम्पन्न गर्नुपर्ने Detailed Project Report (DPR) को कार्यसम्पन्न नगरी आफूलाई गैरकानूनी लाभ हुने र नेपाल सरकारलाई हानी नोक्सानी पुर्याउने वद्नियतले पाल्पा जिल्ला खेलकूद बिकास समितिसँग गरेको सम्झौता तथा स्वीकार गरेको शर्त विपरीत Detailed Project Report (DPR) नै पेश नगरी रू ९,९०,०००।- (नौ लाख नब्बे हजार) भुक्तानी प्राप्त गरेको र उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर भएको देखिएकोले निज प्रतिवादीहरू फिनेश इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लिका प्रोप्राईटरहरू सन्देश पाण्डे र झपेन पाण्डेलाई उक्त ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद तथा जरिवानाको सजाय गरी ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम बिगो रू ९,९०,०००।- (नौ लाख नब्बे हजार) समेत प्रतिवादीहरू सन्देश पाण्डे र झपेन पाण्डेबाट जफत गरी पाउन मागदावी लिइएको। | | हुन भनी लेखाएको भएतापनि निजले आफू कम्पनीको जिम्मेवार सदश्य रहेको र DPR निर्माण गर्ने सम्झौता आफ्नो प्रा.लि. को तर्फबाट भएको स्वीकार गरेको अवस्थामा कानूनी प्रकृया, कार्यविधि तथा प्राविधिक ज्ञान नभएको भनी आफ्नो कम्पनीको तर्फबाट भएको कामकारवाहीको जिम्मेवारीबाट निज प्रतिवादी झपेन पाण्डे पन्छिन मिल्ने अवस्था नभएको। "कानूनको अज्ञानता क्षम्य नहुने" फौजदारी कानुनको सर्वमान्य सिद्धान्त समेतको आधारमा आफू संलग्न कम्पनीबाट भएको काम र सो वापत भुक्तानी समेत लिइ सकेको अवस्थामा कसुरमा इन्कार रहेको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले पुनरावेदन गर्नु पर्ने अवस्था रहेको । |